बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

## जनस्वास्थ्य कार्यालय, मकवानपुर

# संक्षिप्त मासिक बुलेटिन

आर्थिक वर्ष: २०८२/८३

महिनाः माघ

प्रकाशित मितिः २०८२/११/०६

## जनस्वास्थ्य कार्यालय, मकवानपुरबाट माघ महिनामा सञ्चालित कार्यक्रमहरू

### *एच.पि.भी खोप अभियान कार्यक्रम*

जनस्वास्थ्य कार्यालय, मकवानपुरको आयोजनामा पाठेघरको मुखको क्यान्सर विरुद्धको एच.पि.भी. खोप सेवा अभियान मिति माघ २५ गतेदेखि फागुन २२ गतेसम्म सञ्चालन भइरहेको छ। जिल्लाभित्र यस अभियान अन्तर्गत खोपका लागि लक्षित किशोरीहरूको संख्या ४,३०३ रहेको छ। अभियानको प्रभावकारी कार्यान्वयनका लागि माघ १९ गते हेटौंडास्थित नागरिक भवनमा पालिका प्रमुख, स्वास्थ्य संयोजक तथा सम्बन्धित सरोकारवालाहरूको उपस्थितिमा अभिमुखीकरण, छलफल तथा सूक्ष्म योजना गोष्ठी सम्पन्न गरिएको थियो। अभियानको प्रारम्भिक चरणमा माघ २५ गतेदेखि २९ गतेसम्म जिल्लाका विद्यालयहरूमा कक्षा ६ मा अध्ययनरत छात्राहरू तथा विद्यालय बाहिर रहेका किशोरीहरूलाई खोप प्रदान गरिएको छ। अभियान अवधि भरि लक्षित समूहसम्म खोप पहुँच सुनिश्चित गर्न सम्बन्धित स्थानीय तह, विद्यालय तथा स्वास्थ्यकर्मीहरूसँग समन्वय गरी सेवा प्रवाह गरिनेछ।






### *क्षयरोग पुनर्ताजगी तालिम*

मिति २०८२ माघ १२ र १३ गते जनस्वास्थ्य कार्यालयको आयोजनामा क्षयरोगको पुनर्ताजगी तालिम सञ्चालन भएको थियो। उक्त कार्यक्रमा मकवानपुर जिल्लाका क्षयरोग फोकल पर्सनहरूको सहभागीता रहेको छ।



## स्वास्थ्यकर्मीहरूका लागि DMT तथा MEC सम्बन्धी अभिमुखीकरण कार्यक्रम

मिति २०८२ माघ १२ र १३ गते जनस्वास्थ्य कार्यालय, मकवानपुरको आयोजनामा परिवार नियोजन सेवा सुदृढीकरण गर्ने उद्देश्यले स्वास्थ्यकर्मीहरूका लागि DMT (Decision Making Tool) तथा MEC (Medical Eligibility Criteria) सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रम नेपाल परिवार नियोजन संघ, हेटौंडामा सञ्चालन गरिएको थियो। परिवार नियोजन परामर्शलाई प्रभावकारी, गुणस्तरीय तथा सेवाग्राहीमैत्री बनाउने लक्ष्यका साथ DMT तथा MEC को प्रयोग, सेवा प्रदान गर्दा अपनाउनुपर्ने मापदण्ड, तथा निर्णय प्रक्रियालाई सहजीकरण गर्ने विषयमा सहजीकरण गरिएको थियो। कार्यक्रममा मकवानपुर जिल्लाको परिवार नियोजन फोकल पर्सनहरू गरी ३५ जनाको सहभागिता रहेको थियो।




## आधारभूत स्वास्थ्य सेवाको स्तरीय उपचार पद्धती अभिमुखीकरण कार्यक्रम

जनस्वास्थ्य कार्यालय, मकवानपुरको आयोजनामा आधारभूत स्वास्थ्य सेवामा स्तरीय उपचार पद्धतिको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले ३ दिने अभिमुखीकरण कार्यक्रम मिति माघ १८ देखि २० गतेसम्म, ग्रामीण महिला विकास केन्द्र, हेटौंडामा सम्पन्न गरिएको थियो। कार्यक्रममा आधारभूत स्वास्थ्य सेवा प्रवाहका क्रममा पालना गर्नुपर्ने उपचार प्रोटोकल, सेवा मापदण्ड तथा बिरामी व्यवस्थापन सम्बन्धी विषयमा सहजीकरण गरिएको थियो। उक्त कार्यक्रममा जम्मा २८ जना स्वास्थ्यकर्मीहरुको सहभागीता रहेको थियो। यस अभिमुखीकरणबाट स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि भई सेवाको गुणस्तर सुधार हुने अपेक्षा गरिएको छ।






### MNH स्थलगत प्रशिक्षण

जनस्वास्थ्य कार्यालय, मकवानपुरले बागमती गाउँपालिकास्थित बेटिनी स्वास्थ्य चौकीमा मातृ तथा नवजात शिशु स्वास्थ्य (MNH) सम्बन्धी अनसाइट कोचिङ कार्यक्रम सञ्चालन गरेको छ।








### पुरूष बन्ध्याकरण क्याम्प

जनस्वास्थ्य कार्यालय, मकवानपुरले माघ १६ गते नेपाल परिवार नियोजन संघ सँगको सहकार्यमा हेटौंडा मा पुरूष बन्ध्याकरण (भ्यासेक्टोमी) शिविर सञ्चालन गरेको थियो। शिविरमार्फत १५ जना पुरुषलाई सुरक्षित तथा स्वैच्छिक सेवा प्रदान गरिएको थियो। कार्यक्रमले परिवार नियोजन सेवामा पुरुष सहभागिता अभिवृद्धि गर्नुका साथै स्थायी विधिप्रति समुदायको पहुँच विस्तार गर्न सहयोग पुगेको अपेक्षा गरिएको थियो।




## जनस्वास्थ्य कार्यालय, मकवानपुरबाट मनाइएका महत्त्वपुर्ण दिवसहरू

### उपेक्षित उष्णप्रदेशीय रोग दिवस २०८२

उपेक्षित उष्णकटिबन्धीय रोग दिवस २०८२ को अवसरमा माघ १६ गते जनस्वास्थ्य कार्यालय, मकवानपुरले सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय तथा सहकार्य गरी कार्यक्रम सम्पन्न गरेको थियो। दिवसको अवसरमा उपेक्षित उष्णकटिबन्धीय रोगहरूको रोकथाम, पहिचान तथा उपचार सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सूचना तथा सन्देश प्रवाह लगायतका गतिविधिहरू सञ्चालन गरिएका थिए।

### विश्व क्यान्सर दिवस २०८२

विश्व क्यान्सर दिवस २०८२ को अवसरमा माघ ११ गते हेटौंडामा जनस्वास्थ्य कार्यालय, मकवानपुरले नेपाल अर्बुद रोग निवारण संस्था, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपाल हृदय रोग निवारण संस्था तथा रोटरी क्लबसँग समन्वय तथा सहकार्य गरी कार्यक्रम सम्पन्न गरेको थियो। दिवसको अवसरमा क्यान्सर रोगको रोकथाम, समयमै पहिचान र उपचार सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले

सूचना तथा सन्देश प्रवाह लगायतका गतिविधिहरू सञ्चालन गरिएका थिए। साथै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका विद्यार्थीहरूको सहभागितामा सडक नाटक समेत प्रस्तुत गरिएको थियो।






## जनचेतनामूलक सन्देश




